**मिति २०८१।०१।२७ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को १६ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** नगर शिक्षा समितिको मिति २०८१।०१।१७ गतेको बैठकबाट नगर कार्यपालिकामा सिफारिस भई आएको निर्णयानुसार गैंडाकोट नगरपालिका वडा नं. ३ मा अवस्थित श्री मंगलादेवि आधारभूत विद्यालय (कक्षा २ सम्म सञ्चालित) र श्री कृष्णगण्डकी माध्यमिक विद्यालय समायोजन सम्बन्धमा दुवै विद्यालयको व्यवस्थापन समितिको निर्णय भई आएकोले श्री मंगलादेवि आधारभूत विद्यालयलाई श्री कृष्ण गण्डकी माध्यमिक विद्यालयमा समायोजन गर्ने, मंगलादेवि आधारभूत विद्यालयलाई श्री कृष्ण गण्डकी माध्यमिक विद्यालयले मंगला देवि बालविकास केन्द्रको रुपमा सञ्चालन गर्ने, समायोजन भएको विद्यालयको चल अचल सम्पत्तिको रेखदेख तथा व्यवस्थापन श्री कृष्णगण्डकी माध्यमिक विद्यालयले नै गर्ने, मंगलादेवि आधारभूत विद्यालयमा कार्यरत स्थायी शिक्षकलाई श्री कृष्ण गण्डकी मा.वि. मा कामकाज गर्न खटाउने र कार्यालय सहयोगी बम बहादुर मगरलाई तत्काल उक्त बालविकास केन्द्रको सुरक्षा तथा सम्भार गर्ने तथा बालविकास केन्द्रको व्यवस्थापन श्री कृष्णगण्डकी मा.वि.बाट गर्ने गरी भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो

**निर्णय नं.२** गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८०/१२/२१ मा प्रकाशित नदीजन्य पदार्थको बोलपत्र आह्वानको सूचना अनुसार रितपूर्वक E-Bidding मार्फत प्राप्त हुन आएका बोलपत्रहरुमध्येहरुबाट बोलपत्र मुल्याकन समिति र मिति २०८१/०१/२७ मा नदिजन्य पदार्थ तथा निजी जग्गाहरुबाट समेत साधारण निर्माणमुखी पदार्थ (माटो,ढुंगा) लगायतका सामाग्री उत्खनन,संकलन तथा बिक्रि निर्देशक समितिको सिफारिस अनुसार बोलपत्र नं.03/IR/NCB/ GMO/080/081, Riverbed Materials Excavation, Collection and Sales (Ward No. 09) (गैंडाकोट नगरपालिका वडा नं. ९ जैनटार क्षेत्र) बाट Mefans Construction and Suppliers ले जम्मा कबोल अंक (भ्याट र TDS बाहेक) रु. २,६०,००,०००।०० मा र बोलपत्र नं. 04/IR/NCB/ GMO/080/081, Riverbed Materials Excavation, Collection and Sales (Ward No. 7) (गैंडाकोट नगरपालिका वडा नं. ७ मुरलिटार क्षेत्र) बाट British Member-Gandaki JV ले जम्मा कबोल अंक (भ्याट र TDS बाहेक) रु. ३,२१,००,०००।०० बमोजिमको बोलपत्र अधिकतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहरिएकाले स्वीकृतिको आशयको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.३** आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट निर्माणको कार्यलाई सहभागीतामूलक बनाउने गरी नगरपालिकाको आन्तरिक स्रोत, राजश्व बाँडफाँड, संघ र प्रदेश सरकारबाट प्राप्त अनुदानको सिलिंग भित्र रही नगर क्षेत्र भित्रका सरोकारवाला पक्षहरुसंग छुट्टाछुट्टै छलफल एवं अन्तरक्रिया मार्फत राय, सल्लाह एवं सुझाव संकलन गरी नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट तर्जुमा प्रकृया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ४** गैंडाकोट नगरपालिका वडा नं. ३ बाट सिफारिस भई आए बमोजिम उक्त वडा स्थित श्री तुल बहादुर थापाको घरमा बिजुली लाईन सर्ट भई मिति २०८१।०१।१६ गते निजको घर तथा गोठमा आगालागी भई धनमालको क्षति भएकोले वडाको सिफारिस एवं प्रहरीको मुचुल्काको आधारमा राहत तथा पुर्नस्थापना स्वरुप रु. १ लाख आर्थिक सहयोग नगरपालिकाको विपद् कोषबाट दिने निर्णय गरियो।

**निर्णय नं.५** मिति २०८० माघ २६ गते बसेको नगर कार्यपालिकाको आर्थिक वर्ष २०८०/०८१ को १० औ बैठकको निर्णयानुसार छनौट भएको वडा नं. ७ को कि. नं. १ को नेपाल सरकारको नाममा दर्ता कायम रहेको जग्गाको पश्चिम तर्फबाट १० विघा जग्गा गैंडाकोट नगरपालिकाको फोहोरमैला श्रोत प्रशोधन केन्द्र निर्माणको लागि गैंडाकोट नगरपालिकाको नाममा "सरकारी **जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९"** बमोजिम भोगाधिकार उपलब्ध गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्लास्तरीय सिफारिस समितिमा सिफारिस गरी पठाउने निर्णय गरियो।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं.६** गैंडाकोट नगरपालिका वडा नं. ९ मा रहेको क्रिकेट खेलमैदानको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नका लागि आवश्यक पर्ने बजेट रु.५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७** गैंडाकोट नगरपालिका कार्यालय अन्तर्गत कार्यरत कर्मचारीहरुको लागि आ.व.२०८०/०८१ को लागि नपुग तलब सुविधा नगरपालिकाको देहाय बमोजिमका शिर्षकहरुबाट जम्मा रु.३० लाख रकामान्तर गर्ने निर्णय गरियो ।

१. कर्मचारी/पदाधिकारी/उपभोक्ता तालिम शिर्षकबाट रु. १५ लाख, - करार सेवा शुल्क शिर्षकमा

२. विविध कार्यक्रम खर्चबाट रु.१५ लाख,-भूमिहिन दलित सुकुम्बासी सेवा केन्द्र सञ्चालन खर्च शिर्षकमा

**निर्णय नं.८** गैंडाकोट नगरपालिका स्थित वडा नं. १३ मा रहेको वेल्डिया हाट बजार व्यवस्थापनका लागि रु.३ लाख गत वर्षका छुट भैपरी/ आकस्मिक योजना/ कार्यक्रम शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९** गैंडाकोट नगरपालिका वडा नं. १७ मा १४ औ नगर सभाबाट अमरज्योति भूमिगत सिंचाई भल्व विस्तार योजनाको लागि विनियोजन भएको रु. २ लाख र आ.व.२०८०/०८१ को स्वीकृत बजेट सि.नं. ६३४ बाटो ग्रावेल शिर्षकबाट रु.२ लाख उक्त शिर्षकमा नै रकमान्तर गरी जम्मा रु. ४ लाख रकमबाट अमरज्योति भूमिगत सिंचाई भल्व विस्तार योजनाको कार्य गर्न सम्झौता भएको र उक्त योजनामा गण्डकी प्रदेश सरकारबाट पनि योजना कार्यान्वयनको अवस्थामा रहेकोले हाललाई दोहोरो पर्ने देखिएकोले मिति २०८१/०१/२६ को वडा समितिको निर्णय समेतका आधारमा नगरपालिकाको तर्फबाट गरिएको योजना सम्झौता रद्द गर्ने र तपसिल बमोजिमका योजनामा उक्त बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

१. गिरिटोल देखि जागृती सम्म जानेबाटो- रु. २,५०,०००/-

२. शान्ति मार्ग - रु. १,५०,०००/-

**निर्णय नं.१०** गैंडाकोट नगरपालिका स्थित वडा नं. १८ मा रहेको महेश्वर खोलामा सल्याव कल्बर्ड निर्माणको लागि वडाबाट विनियोजित रकमबाट अपुग रकम प्राविधिक लागत अनुमान अनुसारको रु.५ लाख बिपद् कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** गैंडाकोट नगरपालिका वडा नं. १७ स्थित रेडहाउस मार्गलाई स्तरोउन्नती गर्न प्राविधिक लागत अनुमान अनुसारको रु.१ लाख गत वर्षका छुट भैपरी/ आकस्मिक योजना/ कार्यक्रम शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय न. १२** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| २ | नव पारिजात टोल भित्रका जिर्ण बाटाहरु मर्मत सि.नं.३३४ | रु.२,५०,०००/- | उज्यालो टोल अभियान कार्यक्रम | रु.२,५०,०००/- |
| २ | शिव मार्ग सि.नं.१८० (पूर्वाधार वि.स. अन्तर्गतको योजना) | रु.१५,००,०००/- | प्रगति मार्ग | रु.५,००,०००/- |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख